**अमरगढी नगरपालिकाका उपप्रमुख श्री पार्वतीदेवी झुकालद्वारा मिति २०८३ असार ४ गते विहिवारका दिन नगर सभामा पेश गर्नुभएको आ.व. २०८३।०८४ को बजेट बक्तव्य**

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरू,**

१. सर्वप्रथम अमरगढी नगरपालिकाको यस गरिमामय नगर सभामा उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने पाउदा म अत्यन्तै हर्षित छु । यस महत्वपुर्ण अवसरमा नागरिक सर्वोच्चता, उत्तरदायी शासन, सामाजिक न्याय, लोकतान्त्रिक मूल्य, नागरिक अधिकारको रक्षा गर्न भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु

२. बजेट तथा कार्यक्रम तयार पार्दा नेपालको संविधानमा उल्लेख भएका स्थानीय तहका एकल तथा साझा अधिकार सूचीका विषयहरू, नागरिकका मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, दिगो विकासका लक्ष्यहरू, चालु आवधिक योजना, नगरपालिकाले जारी गरेका विभिन्न कानून तथा मार्गदर्शक दस्तावेजहरू, नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले ल्याएका आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेटलाई आधार बनाएको छु । नगरपालिकाको राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विषयगत समिति तथा शाखाहरू, कार्यपालिका सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, निजी तथा सहकारी क्षेत्र र नगरवासी स्थानीय जनसमुदायबाट विभिन्न समयमा विभिन्न माध्यमबाट प्राप्त भएका राय सुझावहरूलाई समेत ध्यान दिई प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

३. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आय बमोजिम मितव्ययी व्यय गरी विशेष गरेर वेरोजगार युवाहरुलाइ रोजगारीको सिर्जना, बालबालिकालाई गुणस्तरीय शिक्षा नगरवासीको स्वास्थ्य, हरियाली प्रवर्धन, सफा र सुरक्षित अमरगढी, पूर्वाधार विकास, मानव संसाधन विकास र जनताको विकास प्रतिको आकांक्षालाई सम्बोधन गर्ने गरी बजेट विनियोजन गरेको छु

**सभाध्यक्ष महोदय,**

अब म गत आर्थिक वर्ष २०८१/०८२ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु ।

४. गत आर्थिक वर्ष २०८१/०८२ मा निकासा प्राप्त कुल रकम रू.५९ करोड ६५ लाख ४१ हजार ५ सय २३ रहेको, जसमध्ये अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत प्राप्त अनुदान रु ५३ करोड ६२ लाख ५६ हजार ८ सय र गत सञ्चित कोषमा मौज्दात सहितको आन्तरिक आय रु ६ करोड २ लाख ८५ हजार ६ सय ६९ रहेको थियो । त्यस्तै उक्त आर्थिक वर्षमा जम्मा खर्च रु.५५ करोड ६२ लाख २८ हजार ३ सय ९५ भएको थियो । यसरी उक्त आ.व. मा ९३.३४ प्रतिसत खर्च भएको देखिन्छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२।०८३ को आर्थिक गतिविधि तथा बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५. चालु आर्थिक वर्ष २०८२।०८३ मा आन्तरिक राजश्व संकलन रु १ करोड ६० लाख हुने अनुमान गरिएकोमा जेठ मसान्तसम्म रु १ करोड २६ लाख २७ हजार प्राप्त भएको छ । असार मसान्त सम्ममा रू १ करोड ६० लाख आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ । जम्मा अनुदानतर्फ चालु आ.व. २०८२।०८३ को जेठ मसान्तसम्ममा रु. ५४ करोड ७७ लाख ७६ हजार ५ सय ५ प्राप्त भएकोमा वित्तीय हस्तान्तरणतर्फ नेपाल सरकारबाट रु ३८ करोड ४५ लाख २० हजार २ सय १३ र प्रदेश सरकारबाट रु. २ करोड ८६ लाख ५२ हजार ८ सय ९७ , राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ८ करोड ५४ लाख ४९ हजार ९ सय ५२ र आन्तरिक आम्दानी र मौज्दात समेतको रु ५ करोड ११ लाख ५३ हजार ४ सय ४३ गरी कुल रु. ५४ करोड ७७ लाख ७६ हजार ५ सय ५ हुने संशोधित अनुमान गरिएको छ ।

६.  चालु आर्थिक वर्ष २०८२।८३ को जेठ मसान्त सम्ममा कुल खर्च रु. ४९  करोड ९४ लाख  ६०  हजार ३ सय ८२ भएको छ, जुन अनुमानित खर्चको ६६.५३ प्रतिशत हुन आउँछ। जेठ मसान्तसम्म भएको कुल खर्च मध्ये चालु तर्फ रु. २७ करोड ४१ लाख ६० हजार ५ सय ८२  अर्थात ६७.१३ प्रतिशत र पुँजीगत तर्फ रु. १२ करोड ५२ लाख ९९ हजार ८ सय अर्थात ६५.२७ प्रतिशत खर्च भएको छ। चालु आ.व. को असार मसान्त सम्मको लागी रु.६० करोड ३ लाख ९४ हजार खर्च हुने संशोधित अनुमान छ।  यसमा चालु खर्च  तर्फ रु ४० करोड ८४ लाख १६ हजार र पुँजिगत खर्च तर्फ रु. १९  करोड १९ लाख  ७८  हजार खर्च हुने अनुमान छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७.  प्रस्तुत बजेटका उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

क)  संस्थागत सुदृढिकरण र सुशासन ,

ख)  आधुनिक प्रविधिको प्रयोग बढाउदै आर्थिक दक्षता वृद्धि गर्ने

ग)  सामाजिक संरक्षण एवम् विकासका माध्यमबाट सामाजिक न्याय कायम गर्ने,

घ)  उत्पादन, उत्पादकत्व र रोजगारी बृद्धि गर्नु ,

ङ)  मानव संशाधन विकास गर्नु,

च)  गुणस्तरिय सार्वजनिक सेवा र सुशासन प्रवर्नद्ध गर्ने।

८.  प्रस्तुत बजेटका प्राथमिकताहरू देहाय बमोजिम निर्धारण गरेको छुः

क)  उद्यमशीलता, रोजगारी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि,

ख)  कृषि, उर्जा, सूचना प्रविधि, पर्यटन तथा पूर्वाधार विकास,

ग)  सामाजिक क्षेत्रमा गुणात्मक सुधार,

घ)  समावेशीता र सामाजिक सुरक्षाको सुनिश्चितता,

ङ)  सुरक्षा, सुशासन प्रबर्द्धन तथा सेवा प्रवाहमा सुधार,

च)  रोजगारीमुलक एवं गुणस्तरीय आधारभूत शिक्षा।

**सभाध्यक्ष महोदय,**

९.  आगामी आर्थिक वर्षको क्षेत्रगत बजेट विनियोजन गर्दा आर्थिक गतिविधि बढ्ने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक वर्षमै सम्पन्न हुने, चालु आयोजनाहरूको कार्यान्वियन निरन्तरता सुनिश्चित गर्ने  र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी क्षेत्रसँगको साझेदारीमा विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ जोड दिएको छु।

**सभाध्यक्ष महोदय,**

अब म माथि उल्लेख गरिएका उद्देश्य र प्राथमिकताका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४  को लागि तयार पारिएको वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य केही कार्यक्रमहरूलाई उल्लेख गर्न चाहन्छु।

१०.  सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक, दिवा खाजा, छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड तथा विद्यालयको प्रभावकारी संचालन तथा व्यवस्थापन लागि आवश्यक वजेट विनियोजन गरिएको छ।

११.  सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गरी पठन पाठनलाई थप गुणस्तरीय बनाउन र शैक्षिक सुशासन कायम गर्न प्रविधि तथा पूर्वाधार विकासका लागि बजेट विनियोजन गरिएको छ।

१२.  विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका विद्यार्थिका लागि आवश्यक छात्रवृति रकम विनियोजन गरिएको छ।

१३.  अमरगढी नगरपालिका क्षेत्रमा आधारभुत सिकाइ प्रवर्धन कार्यक्रम संचालन तथा स्वकृत स्थानिय शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ।

१४.	बालविकास कक्षाका शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई न्यूनतम् पारिश्रमिक उपलब्ध गराउन संघ सरकारसँग गरिएको साझेदारीलाई निरन्तरता प्रदान गरेको छु। यसका लागि गत आ.व. जस्तै रु. ७० लाख बजेट विनियोजन गरेको छु।

१५.	नगर क्षेत्रको शिक्षालाइ समायानुकुल प्रविधिमैत्री बनाउन प्रति विद्यार्थि लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यबस्थापनका लागि विद्यालयलाइ अनुदानको व्यबस्था गरेको छु।

१६.	कृषिमा यूवा पुस्ताको आकर्षण बढाउन, कृषि क्षेत्रको व्यवसायीकरण र यान्त्रिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि आधुनिकरण कार्यक्रम अन्तर्गत किसान सुचिकरण, माटो स्वास्थ्य सुधार कार्यक्रम, कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम र कृषि जैविक विविधता संरक्षण तथा सामुदायीक बीउ बैक सुदृढीकरण जस्ता कार्यक्रम संचालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

१७.	कृषि उत्पादनको सहजरुपले बजार पहुच बढाउन तथा वास्तविक कृषक र ग्राहक विच प्रत्यक्ष सम्पर्क स्थापित गर्न कृषि हाट बजार निर्माण गरिनेछ यसका लागि यस वर्ष रु २० लाख विनियोजन गरिएको छ।

१८.	एक पालिका एक भेटेरिनरी डाक्टर, कुकुरमा रेविज नियन्त्रण कार्यक्रम,  पशुपन्छिमा माहामारी/ आकस्मिक रोग नियन्त्रण तथा NAHIS रिपोटिङ्ग कार्यक्रम संचालन गर्नुका साथै रैथाने पशुपन्छिपालन  प्रबर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

१९.	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई वडा कार्यालयहरूबाट Online सेवा प्रवाह भइरहेको छ। सामाजिक सुरक्षा संरक्षण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिइएको छ।

२०.	बैदेशिक रोजगारीलाइ थप सुरक्षित र मर्यादित बनाउन रोजगार सेवा केन्द्रद्धारा समुदाय स्तरमा सुरक्षित बैदेशीक रोजगारी सम्बन्धी अभिमुखीकरण , सूचना प्रवाह तथा सरोकारवाला निकायसंगको सहकार्य तथा समन्वयमा विभिन्न कार्यक्रम संचालन गरिनेछ।

२१.	यस नगरपालिका अन्तर्गतको न्यायीक समिति, वडातहका निर्वाचित जनप्रतिनिधि, मेलमिलापकर्ताहरुसंग र जिल्ला तहमा जिल्ला प्रहरी, प्रहरी चौकीका इन्चार्ज र सम्बन्धित सरोकारवालाहरुसंग सुरक्षक्षित वैदेशिक रोजगारी सम्बन्धी अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ।

२२.	मातृ तथा नबशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार,न्यानो झोला,सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार जस्ता कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरिएको छ।

२३.	नगरपालिकाको साझेदारीमा नियमित खोप सुद्धिढीकरण, नियमित खोपमा बिद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाइ प्रवर्धन कार्यक्रम निरन्तरता, खोप बाट बचाउन सकिने रोगहरुको खोज पड्ताल तथा निगरानी, खोप महिना, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन खर्च CBIMNCI कार्यक्रम सच्चालन गरिने छ।

२४.	क्षयरोग मुक्त अभियान निरन्तरताका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछन्।

२५.	मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाइ औषधि उपचार खर्च बापत मासिक रु पाँच हजारका दरले रकम उपलब्ध गराइने छ।

२६.	डेंगी तथा अन्य किटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण, हात्तिपाइले रोग विरुद्ध आम औषधि सेवन अभियान,हात्तिपाइलेका बिरामीको स्व-हेरचाह समुह गठन तथा संचालन, औलो ग्रामीण कार्यकर्ता परिचालन तथा व्यवस्थापन,लक्षित जनसख्यामा आधारित औषधि सेवन कार्यक्रम, औलो कालाजार ए सी डी निवारण उन्मुख रोगहरुको केश अनुसन्धान, निगरानी र माइग्रान्ट केन्द्रित कृयाकलाप संच्चालन का लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२७.	अमरगढी नगरपालिका वडा न. ४ स्थित टुडिखेलको स्तरोउन्ती का लागि रू ७० लाख विनियोजन गरिएको छ।

२८.	ऐतिहासिक अमरगढी किल्लाको आवश्यक पूर्वाधार निर्माण तथा संरक्षणका लागि आवश्यक पहल गरिनेछ .

२९.	नगरपालिकामा कार्यरत कर्मचारीहरूको मनोबल उच्च राख्न विभिन्न तालिम तथा अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनुका साथै कार्य सम्पादन मूल्याङ्कन गरी दण्ड र पुरुस्कारको व्यवस्था प्रभावकारी बनाईने छ।

३०.	कर्मचारीको योग्यता, क्षमता लाई उच्च मूल्याङ्कन गरी कार्यप्रगतिका आधारमा प्रोत्साहन तथा फिल्ड भत्तामा हाल विद्यमान रहेको असमानता अन्त्य गर्न आन्तरिक नियन्त्रण प्रणालीमा आवश्यक व्यवस्था गरिनेछ।

३१.	लक्षित वर्ग तथा महिला क्षमता विकास कार्यक्रम कार्यान्वयन गर्न तथा विभिन्न कल्याणकारी संस्थालाई अनुदान सहयोग उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ।

३२.	नगर प्रहरीको गठन पश्चात नगर क्षेत्रको सरसफाइ, सुरक्षा, बजार क्षेत्रको अव्यवस्था नियन्त्रण तथा नगरपालिकाको नीति कार्यान्वयनमा परिचालन गरिनेछ। यसका लागि आगामि आ.व. मा पनि रु. ५० लाख बजेट विनियोजन गरेको छु।

३३.	नगर क्षेत्रमा हुनसक्ने सम्भावित विपदको पूर्वतयारी तथा प्रतिकार्यका लागि विपद व्यवस्थापन कोषको योजनाबद्ध परिचालन गरिनेछ। यसका लागि विपद व्यवस्थापन कोषमा रहने गरी रु. १० लाख विनियोजन गरेको छु।

३४.	मौलिक परम्परागत कला तथा सीपलाई रोजगारी र आयमूलक व्यवसायमा आबद्ध गरिनेछ र त्यस्ता कला तथा सीपको जगेर्नाका लागि आवश्यक कार्य गरिनेछ।

३५.सडक पूर्वाधार निर्माण  समग्र विकासको एक प्रमुख आधार हुने तथ्यलाइ आत्मसाथ गर्दै पालिकाको वडा न. २ र ३ मा पर्ने घटाल-चिम्रिकोट सडकका लागि यस आ. व. मा १ करोड ८९ लाख बजेट विनियोजन गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०८३/०८४ का उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

३६.	आगामी आर्थिक वर्षमा हुने व्ययतर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरू लगायतका खर्च व्यवस्थापनको लागि कुल रु ३७ करोड ३७ लाख चालु तर्फ, पुँजी बृद्धि तथा विभिन्न विकास निर्माणका लागि कुल रु १४ करोड १० लाख ६१ हजार पुँजिगत तर्फ गरी कुल रु ५१ करोड ४७ लाख ६१ हजार विनियोजन गरिएको छ।

३७.	यस बजेटद्वारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयनबाट आगामी आर्थिक वर्षको आषाढ मसान्त सम्ममा आन्तरिक आय रु. २ करोड , नेपाल सरकारबाट रु ३६ करोड १२ लाख र प्रदेश सरकारबाट रु २ करोड ९८ लाख ३३ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, संघीय राजश्व बाँडफाँडबाट रु.९ करोड ३८ लाख ८१ हजार तथा प्रदेश राजश्व बाँडफाँडबाट रु. ३७ लाख २८ हजार, मालपोत रजिष्ट्रेशन शुल्कबाट रु.६१ लाख १९ हजार गरी कुल रु ५१ करोड ४७ लाख ६१ हजार आय अनुमान गरिएको छ। आन्तरिक आयस्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय**,

३८.	अब म आगामी आ.व. २०८३/०८४ का लागि माथि प्रस्तावित आय व्यय विवरण गरिमामय सभामा छलफल गरी स्विकृतिका लागि पेश गर्दछु। साथै, आगामी आ.व. २०८३/०८४ का लागि कार्यान्वयन हुनका लागि तयार पारिएको आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३ समेतमा आवश्यक छलफल भई स्विकृतिका लागि पेश गर्दछु।

३९.	प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पु-याउनुहुने गर्ने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध पक्षहरू र आम नगरवासीलाई हार्दिक अनुरोध सहित सबल, समृद्ध र न्यायपूर्ण नगर निर्माणमा योगदान गर्न आह्वान गर्दछु। धन्यवाद।

**पार्वती देवी झुकाल**

**उप-प्रमुख**

**मिति: २०८३/०३/०४ गते विहिवार**